जुन कुराले तिमीलाई शंकामा हाल्छ त्यो कुरा छोडेर त्यसलाई अपनाउनुपर्छ जसमा तिमी शंकामा पर्दैनौ । किनभने इमानदारी भनेको ढुक्क हुनु हो र झूट भनेको शंका हो।

अबू हौरा सअदी (रहिमहुल्लाह) द्वारा वर्णन छ: मैले हसन बिन अली (रजियल्लाहु अनहुमा)
सित सोधेँ: तपाईँले अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को के कुरा याद राख्नु भएको छ ? उहाँले भन्नुभयो : मैले अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सित यो याद राखेको छु : "जुन कुराले तिमीलाई शंकामा हाल्छ त्यो कुरा छोडेर त्यसलाई अपनाउनुपर्छ जसमा तिमी शंकामा पर्दैनौ । किनभने इमानदारी भनेको ढुक्क हुनु हो र झूट भनेको शंका
हो।"
[رواه الترمذي والنسائي وأحمد] [सही[

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यस्ता कथन र कर्महरूबाट टाढा रहने आदेश दिनु भएको छ जसका बारेमा शंका लाग्छ, निषेधित छन् कि छैनन् ? हलाल हुन् वा हराम ? जबसम्म तिनीहरूको बारेमा कुनै शंका छैन । यस्तो कुरा अपनाउनु पर्छ जसको बारेमा तपाई यो राम्रो हो र हलाल हो भनेर निश्चित हुनुहुन्छ । किनकि हृदय यिनीहरूबाट ढुक्क रहन्छ र शान्त हुन्छ र जुन कुरामा शंका छ त्यसले हृदयलाई चिन्तित र विचलित बनाउँछ ।

http://www.sunnah.global/hadeeth/ne/show/4564